## बैठक संख्या (७)

आज मिति २०८२/१०/०९ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितीः-**

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(वडा अध्यक्ष) श्री बलदेव सिह चाड

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

**कार्यपालिका सहयोगी कर्मचारीः-**

श्री महेश सिह महता (सुचना प्रविधि अधिकृत)

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

CamScanner

स्थानीय सरकार
शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. एम्बुलेन्स माग गर्ने सम्बन्धमा ।
३. संघीय समपुरक तथा विशेष अनुदान योजना छनौट सम्बन्धमा ।
४. मापदण्ड पारित सम्बन्धमा ।
५. निर्वाचन आंचार संहिता २०८२ कार्यान्वयन सम्बन्धमा ।
६. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट बाडँफाँड तथा कार्यान्वयन सम्बन्धमा ।
७. योजना सम्झौता सम्बन्धमा ।

निर्णय नं. (१) को प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाको बैठकमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) को प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका वडा नं. २ जिल्ला सदरमुकामबांट टाँढा रहेकोले शिवनाथ – २ मा रहेको शर्माली स्वास्थ्य चौकीबाट अन्य वडा १, ३ र ४ का नागरिकहरुले स्वास्थ्य सेवा लिइरहेको र उक्त क्षेत्रका नागरिकहरुको स्वास्थ्य सेवामा सहजता ल्याउन शर्माली स्वास्थ्य चौकीमा एम्बुलेन्सको आवश्यकता रहेको हुँदा **द सोशल सर्भिस अफ नेपाल २०८०/०४/०४ डिल्ली प्रशाद खनाल फाउण्डेसन, बलाजु-१६, काठमाण्डौंलाई** एक थान एम्बुलेन्स उपलब्ध गराईदिनहुन सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) को प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अगामी आ.व. २०८३/०८४ मा संघीय सरकारको समपुरक तथा विशेष अनुदानका लागि तपसिल बमोजिमका आयोजना/योजनाहरु छनौट गरी संघीय योजना पोर्टलमा विवरण भर्ने र उक्त आयोजना/योजनाहरु सिफारिस गर्ने निर्णयहरु सर्वसहमतिबाट पारित गरियो ।

<u>तपसिलः-</u>

संघीय समपुरक सम्बन्धी आयोजना/योजनाको छनौट विवरणः-

१. दन्नी देहिगडा सडक निर्माण योजना - शिवनाथ ५, ४ र २ (क्रमागत)
२. वडा नं. २ को वडा कार्यालय भवन निर्माण – शिवनाथ -२, बैतडी
३. उदयदेव स्वास्थ्य चौकी भवन निर्माण – शिवनाथ -४, बैतडी

संघीय विशेष अनुदान सम्बन्धी आयोजना/योजनाको छनौट विवरणः-

१. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम

निर्णय नं. (४) को प्रस्ताव नं. ४ माथि छलफल गर्दा पूर्ण संस्थागत प्रसुति सेवा यूक्त स्थानीय तह सम्बन्धी मापदण्ड, २०८२ पारित गर्ने निर्णय गरियो ।

२०८२/१०/३

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

निर्णय नं. (५) को प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २३८, मिति २०८२/१०/०६ को पत्रानुसार नेपाल सरकार द्वारा मिति २०८२/०९/१२ गतेका दिन प्रकाशित खण्ड (७५), अतिरिक्ताक (३९), भाग ५ को निर्वाचन अंचार संहिता, २०८२ कार्यान्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. (६) को प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालू आ.व. २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट बाडँफाँड गरी तपसिल बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिलः-**

| क्र.स. | योजनाको तथा कार्यक्रम | वडा नं. | रोजगारी प्राप्त गर्ने संख्या | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | नागार्जून आधारभुत स्वास्थ्य सेवा केन्द्र दुईकोठे भवन निर्माण | १ | १४ | १०५५६०० | |
| २ | शर्माली बजार,ब्रह्मपुर र धड्याडी बाटो निर्माण | २ | १६ | १२०६४०० | |
| ३ | श्रीपुर आधारभुत स्वास्थ्य सेवा केन्द्र घेरबार तथा नागार्जून मन्दिर पर्खाल निर्माण | ३ | १२ | ९०४८०० | |
| ४ | लाटेश्वर आ.वी.कक्षा कोठा निर्माण तथा वडा कार्यालय घेरबार | ४ | १४ | १०५५६०० | |
| ५ | कैलपाल आ.वि. र शारदा आ.वी कक्षा कोठा मर्मत सम्भार | ५ | १६ | १२०६४०० | |
| ६ | शिवनाथ स्वास्थ्य चौकी घेरबार तथा रावलखाली देखी ओखडानी बाटो निर्माण | ६ | १६ | १२०६४०० | |
| | जम्मा | | ८८ | ६६३५२०० | |

निर्णय नं. (७) को प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. मा विनियोजित पुँजिगत तर्फका पालिका/वडास्तरीय योजनाहरुको सम्झौता म्याद २०८२ माघ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

नरेन्द्र सिंह महरा
प्रमुख प्रशासकीय अधिकृत